चिलिमे जलविद्युत कम्पनी लिमिटेड
CHILIME HYDROPOWER COMPANY LIMITED
Dhumbarahi, Kathmandu.

P.I.No. 250/052/53

ISO 9001:2015 BN22140/21
ISO 14001:2015 BN22140/21

Ref. No. ८८३।८४-४३

PAN No. 5000598

मितिः २०८३/०४/२६

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं, नेपाल।

बिषयः <u>आ.व. २०८२/०८३ को अन्तिम त्रैमासिक अवधिको विवरण पठाइएको बारे।</u>

उपरोक्त विषयमा धितोपत्र दर्ता तथा निषकाशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्वन्धित आ.व. २०८२/०८३ को अन्तिम त्रैमासिक अवधिको विवरण अनुसूची १४ तथा नियम २६ (५) संग सम्वन्धित अनुसूची-१६ यसै पत्रसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ।

(बाबुराजा महर्जन)
प्रबन्ध सञ्चालक

Corporate Office
Dhumbarahi, Kathmandu, NEPAL
Ph.No. +977 01 4370773 / 4370793
Fax : +977 01 4370720

Web : www.chilime.com.np
E-mail: chpcl@chilime.com.np

CHILIME HYDROPOWER COMPANY LIMITED

Dhumbarahi, Kathmandu

Unaudited Financial Position as on 32nd Ashad 2083 (July 16, 2026)

(Rs.'000')

Particulars	2083.03.32 (16.07.2026)	2082.12.30 (13.04.2026)	2082.03.32 (16.07.2025)
Assets			
Non-current assets			
Property, plant and equipment	2,118,137.94	2,169,658.66	2,154,625.39
Capital Work-In-Progress	-	-	71,419.47
Investment Work-In-Progress	311,600.26	288,605.98	268,505.07
Financial Assets			
Investment in subsidiary	694,250.00	694,250.00	671,086.40
Investment in Associates	5,901,125.90	5,900,375.90	5,900,375.90
Total non-current assets	**9,025,114.10**	**9,052,890.54**	**9,066,012.23**
Inventory	161,449.74	94,006.50	90,050.35
Advances and Deposit	464,814.89	463,882.40	463,544.53
Financial Assets			
Investment in Term Deposits	217,244.03	225,012.91	325,012.91
Other current assets	2,161,951.05	2,040,574.33	1,781,269.09
Cash and cash equivalent	150,112.44	42,383.23	192,681.47
Current Tax Assets(Net)	6,301.34	-	-
Total current assets	**3,161,873.50**	**2,865,859.37**	**2,852,558.35**
Total assets	**12,186,987.60**	**11,918,749.91**	**11,918,570.58**
Equity and liabilities			
Equity			
Paid up share capital	9,484,988.68	9,484,988.68	8,782,396.92
Retained earnings	2,267,245.51	1,992,273.37	2,685,115.56
Total Equity	**11,752,234.19**	**11,477,262.05**	**11,467,512.49**
Defined Benefit Plans	183,979.64	183,979.64	185,675.50
Deferred tax Liabilities	128,926.19	127,292.97	127,292.97
Total Non-current liabilities	**312,905.83**	**311,272.61**	**312,968.47**
Current liabilities			
Provisions for employee benefits	22,421.35	12,593.57	21,804.91
Corporate Social Responsibility Fund	26,471.85	23,824.63	19,245.52
Financial Liabilities			
Trade and Other Payables	72,954.39	63,647.97	63,563.25
Current Tax Liabilities(Net)	-	30,149.07	33,475.94
Total Current Liabilities	**121,847.59**	**130,215.24**	**138,089.62**
Total Equity and Liabilities	**12,186,987.60**	**11,918,749.91**	**11,918,570.58**

Unaudited Profit & Loss Accounts from 1 Shrwan to 30 Chaitra 2082 (17th July 2025 to 32nd July 2026)

(Rs.'000')

Particulars	FY2082/083 (Up to Ashad) (2025/026)	FY2082/083 (Up to Chaitra) (2025/026)	FY2081/082 (Up to Ashad) (2024/025)
Revenue	1,167,632.06	636,581.19	1,125,707.92
Direct Expenses	(116,329.76)	(37,435.52)	(124,734.19)
Royalty Expenses	(138,867.61)	(85,758.12)	(134,670.79)
Gross Profit	**912,434.69**	**513,387.55**	**866,302.94**
Employee benefit expense	(44,156.24)	(40,877.42)	(57,779.18)
Administrative Expenses	(32,674.24)	(15,221.32)	(27,891.42)
Depreciation and amortization	(85,053.64)	(37,815.24)	(74,266.75)
Profit from Operation	**750,550.57**	**419,473.57**	**706,365.59**
Finance Income	135,927.81	55,891.02	134,746.35
Other Income	27,853.16	3,438.72	37,033.76
Loss on Sales of Assets			(22.86)
Profit/(Loss) Before Tax and Bonus	**914,331.55**	**478,803.31**	**878,122.85**
Employee Bonus	(18,286.63)	(9,576.07)	(17,562.46)
Profit/(Loss) Before Tax	**896,044.92**	**469,227.24**	**860,560.39**
Current tax	(167,079.17)	(67,147.07)	(156,480.61)
Differed Tax Income	(1,633.22)	-	(20,725.32)
Profit after Tax	**727,332.52**	**402,080.17**	**683,354.46**
Corporate Social Responsibility Provision	(7,273.33)	(4,020.80)	(6,833.54)
Net Profit for the year	**720,059.20**	**398,059.37**	**676,520.92**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८२/०८३ अन्तिम त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क) अन्तिम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरु :

विवरण	आ.व. २०८२/०८३ अन्तिम त्रैमासिक (असार मसान्तसम्म)	आ.व. २०८१/०८२ अन्तिम त्रैमासिक (असार मसान्तसम्म)	कैफियत
प्रतिसेयर आम्दानी (रु)	७.५९	७.७	वार्षिकिकरण गरिएको
P/E Ratio	६४.९५	६९.२५	
प्रति सेयर नेटवर्थ (रु)	१२३.९०	१३०.५७	
प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु)	१२८.४९	१३५.७१	
तरलता अनुपात	२५.९५	२०.६६	

२. व्यवस्थापकीय विश्लेषण :

(क) गत आ.व. २०८१/०८२ को अनुपातमा यस आ.व. २०८२/०८३ को असार मसान्तसम्मको विद्युत विक्री रु ४ करोड १९ लाख २४ हजार अर्थात ३.७२ % ले वृद्धि हुन गएको छ । गत आ.व.को तुलनामा यस आ.व.को असार मसान्तसम्म चिलिमे खोलाको हाइड्रोलोजिमा सुधार आए अनुसार नेपाल विद्युत प्राधिकरणलाई अधिक उर्जा शक्ति आपुर्ति हुन गएकोले विक्रिमा पनि सोही अनुसार वृद्धि हुन गएको देखिन्छ । अतिरिक्त उर्जा शक्ति विक्रिलाई नदीको पानीको वहाव, ने.वि.प्रा. को माग, पावरहाउसमा जडित मेशिन सञ्चालन गतिविधि तथा कर्मचारीको कार्यकुशलताले प्रभाव पारेको हुन्छ ।

यस आ.व. मा सहायक कम्पनीहरुलाई उपलब्ध गराइएको अल्पकालिन सापटिबाट प्राप्त व्याज आम्दानीतर्फ झण्डै रु ११ लाख ८१ हजार अर्थात ०.८८ % ले वृद्धि हुन गएको छ भने अन्य आम्दानीमा समावेश भएको रकमहरु मध्ये गत आ.व. मा चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेसबाट नगद लाभांशको रुपमा प्राप्त रु ३ करोड रहेकोमा यस आ.व. मा भने कुनै पनि लाभांश प्राप्त भएको छैन यद्यपि चिलिमे टावरको भाडा रकम प्राप्त हुन आएकोले यस शिर्षकमा खुदमा ९१ लाख ८० हजार अर्थात २४.७९ प्रतिशतले न्युन हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, दायित्व भुक्तान गर्न, कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ । समिक्षा आ.व.मा समग्रमा खर्चतर्फ रु १ करोड ३० लाख ४७ हजार अर्थात ३.७८% ले न्युन हुन गएको छ । मुख्यतः केही कर्मचारीहरु अन्य सहायक कम्पनीमा काजमा गएको कारण खर्चमा कमि हुन गएको छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

३. कानुनी कारवाही सम्वन्धी विवरण :

कम्पनीको यस कर्पोरेट भवनदेखि उत्तर/पुर्व पट्टिका सँधियारहरुले टावरको नक्शा पास रोकि पाउँ भनि सम्मानित श्री सर्वोच्च अदालतमा दिएको रिट निवेदन विचाराधिन अवस्थामा रहेको छ । साथै ठुला करदाता कार्यालयबाट फुल अडिट हुँदा तहाँबाट गणना भएको कर उपर चित्त नबुझि आन्तरिक राजश्व विभागमा पुनरावलोकनका लागि दिइएको निवेदन उपर कुनै कारवाही भएको छैन ।

४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यवस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०८२/०९/३० गतेको २९औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण शेयर दाखिला खारेज वन्द भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको ४ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको ८ प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम् प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयर धनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

सेयरको अधिकतम मूल्य (रू.)	सेयरको न्यूनतम मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
५१०.३०	४५०.३०	४८७	६५	१०७८४

५. समस्या र चुनौती :

यस कम्पनीले विद्युत उत्पादनका लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), र चुमचेत स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) का आयोजनाहरु निर्माण कार्य शुरु गर्न सकिने अवस्थामा रहेका छन् तथापि नेपाल सरकारबाट विद्युत खरिद विक्री सम्झौता (Power Purchase Agreement, PPA) हुन ढिलाइ भएका कारण वित्तिय व्यवस्थापन लगायतका कामहरु अगाडि बढाउन सकिएको छैन । बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) को हकमा भने संभाव्यता अध्ययनका कामहरु सुचारु रहेका छन् । उत्पादनको अनुमति पत्र पाए पश्चात् सोही दिनदेखि आयोजनाको आयु गणना हुन शुरु भएको छ । धेरै ढिला भएको खण्डमा आयोजना नै फिजिवल हुँदैन कि भन्ने चिन्ता बढ्दै गएको छ ।

- सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट) को वित्तिय व्यवस्थापनका लागि विभिन्न वित्तिय संस्थाहरुसंग छलफल भै रहेको छ । नेपाल हाइड्रोइलेक्ट्रिसिटि Financial Closer का लागि ईच्छुक भएको र अन्य संस्थाहरुसंगको समन्वयमा उल्लेखित कार्य सम्पन्न गर्ने प्रयास भै रहेको व्यहोरा प्राप्त भएको छ । यो आयोजना स्थलसम्म पुग्ने पहुच सडक पहिलेनै भएकोले वित्तिय व्यवस्थापन हुना साथ कामहरु अगाडि बढाउन सकिने अवस्था देखिन्छ । यस आयोजनाका लागि आवश्यक पर्ने प्रशारण लाइन निर्माणका लागि राष्ट्रिय प्रसारण ग्रीड कम्पनीको अगुवाइमा स्थापना भएको वेस्ट सेती ट्रान्समिसन नामको कम्पनी मिति २०८३/०३/१३ मा स्थापना भएको र उक्त कम्पनीमा यस कम्पनीले १२.५ प्रतिशत शेयर लगानी गर्न प्रतिवद्धता जनाइ सकेको छ ।

  अतः विद्युत खरिद विक्री संझौता नहुँदासम्म वित्तिय व्यवस्थापन लगायतका कामहरु हुन नसक्ने भएको हुँदा PPA का लागि नेपाल विद्युत प्राधिकरणसंग छलफल भै रहेको छ ।

- बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) निर्माण गर्नका लागि आवश्यक पर्ने पहुँच सडक तयारी अवस्थामा नभएको साथै PPA पनि नभएको हुँदा तत्काल निर्माणका कामहरु प्रारम्भ गर्न सकिने अवस्था देखिदैन । नेपाली सेनाको नेतृत्वमा सडक खन्ने कार्य जारी रहेको छ । सडक पुग्ना साथ र PPA हुना साथ निर्माणका काम प्रारम्भ गरिने छ ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ ।

७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद् घोष गर्दछुकी मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

अनुसूची– १५

९नियम २२ को उपनियम (५) सँग सम्बन्धित)

विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु :

१ संगठीत संस्थाको विनियममा संशोधन भएमा- छैन।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) -छैन। चिलिमे टावरको काम सम्पन्न भै सकेको छ। तर ठेकेदारसंग कुरा नमिलेकोले मुद्दा मध्यस्तकर्ताकोमा विचाराधिन रहेको छ।

३ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरिद/विक्री सम्बन्धी विवरण-छैन।

४ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण -छैन ।

५ व्यवसाय/सेवाबाट वहिंगमन सम्बन्धी विवरण -छैन।

६ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण -छैन।

७ लेखापरीक्षक परिवर्तन भएमा
छैन।

८ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा - छैन।

९ संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा-छैन।

१० शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा-छैन।

११ व्यवसायको प्रकृति परिवर्तन भएमा-छैन।

१२ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा - मिति २०८२/०९/३० गतेको २९औ वार्षिक सधारण सभाले आ.व. २०८१/०८२ असार मसान्तको वासलातमा कायम रहेको चुक्ता पुँजीको ४ प्रतिशत नगद लाभांश र ८ प्रतिशत वोनश सेयर दिने घोषणा गरे अनुसार पूँजी वृद्धि लगायतका निर्णयहरु कम्पनी रजिष्टारको कार्यालयमा अभिलेख भै दर्ताका लागि नेपाल धितोपत्र बोर्डमा पठाइएको छ।

१३ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा -छैन।

१४ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - मिति २०८२/०९/३० गतेको २९औ वार्षिक सधारण सभाले आ.व. २०८१/०८२ को असार मसान्तको वासलातमा कायम रहेको चुक्ता पुँजीको ८ प्रतिशतले साधाण सभा गर्दाका वखत कायम रहेका सेयरधनीहरुलाई वोनश सेयर दिने घोषणा गरको छ।

१६ संगठीत संस्थाबाट जारी गरिएको सूचना -छैन।

१७ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा- यस भन्दा अगाडि प्रकाशित अन्तिम त्रैमासिक विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।

१८ ठेगाना परिवर्तन भएमा -छैन।

१९ व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी -छैन।

२० नामसारी दाखिल खारेज बन्द - मिति २०८२ पौष ३० गते बोलाइएको कम्पनीको २९औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ शेयर दर्ता पुस्तिका वन्द गरिएको थियो।

२१ कुनै असामन्य घटना र संगठित संस्थामा परेको असर-छैन।

२२ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा-छैन।

२३ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा-छैन।

२४ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना-छैन।

चिलिमे जल-विद्युत कं. लि.
CHILIME HYDRO-POWER COMPANY LTD.
ESTD. 1995